

# अध्याय -१०

## फर्काउनुपर्ने फर्काउनु

**मूल पदहरू: लूका १२:१६-२१, उपदेशक २:१८-२२, हितोपदेश २७:२३-२७, २ कोरन्थी ४:१८, उपदेशक ५:१० र कलस्सी १:१५।**



***यस अध्यायको मूल सार पद:*** "अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, "यो लेख: अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्।" आत्मा भन्नुहुन्छ, "हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्।" प्रकाश १४:१३।

जब हाम्रो आय आर्जन गर्ने वर्षहरू समाप्त हुन्छ, हामी जागिरबाट अवकाश लिन्छौं तब हाम्रो आर्थिक ध्यान हाम्रो जीवनको अन्त्य जान्छँ। हामी अन्तिम घडीसम्मको लागि गास, बास र कपास कसरी जोड्ने। तलब पाएर काम गर्ने अवधीबाट अवकाश पाउनेसमयको बीचमा कतिपयको निम्ति कहाली लाग्दो अनुभव हुनसक्छ। पैसाको मामिलामा उत्तम तरिकाले हामी कसरी अघि बढ्ने?

जब उमेर ढल्किन्दै जान्छ तब भविष्यको बारेमा सुर्ता गर्नु स्वभाविकै हो। मानिसहरूलाई चिन्ताग्रस्त बनाउने साधारण तत्वहरू हुन्: आफूसँग भएको स्रोतभन्दा लामो आयु बाँच्नु; जीवनलाई नै तहसनहस गर्ने बिमार; र मानसिक र शारीरिक असमर्थता (मलाई कसले स्याहार्छ?)।

यी त्रासहरूलाई मध्यनजरमा राखेर एलेन जी ह्वाइटले आफ्नो भावना यसरी व्यक्त गर्छिन्, "ती सबै त्रासहरूलाई सुरु गर्ने सैताननै हो। यदि तिनीहरू परमेश्वरको योजना अनुसार चल्यो भने तिनीहरूका अन्तिम दिनहरू पहिलोकोभन्दा उत्तम र खुशीयाली हुनसक्छ। तिनीहरूले आफ्ना चिन्ता, पिर र बोझहरू पन्छाएर बस्नुपर्छ र आफूसँग भएको समय उपयोगीमूलक र रमाइलो गरेर बिताउनुपर्छ। यसले स्वर्गको निम्ति फल तिनीहरूले पकाइरहेका हुन्छन्।"-*टेस्टिमोनिज फर द चर्च,* ठेली १, पृ. ४२४बाट रूपान्तरित।

हाम्रो जीवनका अन्तिम क्षणहरूको निम्ति परमेश्वरको सरसल्लाह के छ सो यस अध्यायमा हामी समिक्षा गर्नेछौं। हामीहरूले के गर्नुपर्छ, हामीले के नगर्नुबाट पन्छिएर बस्नुपर्छ र हामीले के नीतिहरू अपनाउनुपर्छ जसले हाम्रो अन्तिम दिनहरू कहालिलाग्दो नहोस्।

## १. मूर्ख धनी मानिस

**लूका १२:१६-२१मा हाम्रो निम्ति अत्यन्तै महत्त्वपूर्ण सन्देश छ। धनी मूर्ख मानिसलाई येशूले कसरी कडा गरि हप्काउनुभयो, हामीसँग भएका थोकहरूको बारेमा हाम्रो मनस्थिति कस्तो हुनुपर्छ भन्ने त्यस अर्तीकथाले हामीलाई कसरी सिकाउँछ?** हेर्नुहोस्, **"उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो, "कुनै एक जना धनी मानिसको जमिनमा प्रशस्त उब्जनी भयो। त्यसले मनमनै गुन्न लाग्यो, 'मेरो अन्न राख्ने ठाउँ मसित छैन, अब म के गरूँ?' तब त्यसले भन्यो, 'म यसो गर्नेछु– आफ्ना ढुकुटीहरू भत्काएर झन् ठूला-ठूला बनाउनेछु, र मेरा सबै अनाज र मालसामान त्यहीं राख्नेछु। अनि म आफ्नो प्राणलाई भन्नेछु, "ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्"।' "तर परमेश्वरले त्यसलाई भन्नुभयो, 'ए मूर्ख, आज राती नै तेरो प्राण तँबाट लिइनेछ, र जे कुराहरू तैंले आफ्नो निम्ति थुपारेको छस्, ती कसको हुने?' "आफ्नो निम्ति धन-सम्पत्ति थुपार्ने, तर परमेश्वरको दृष्टिमा धनी नहुने मान्छेको अवस्था यस्तै हुन्छ।" लूका १२:१६-२१।**

यस अर्तीकथामा हाम्रो निम्ति धेरै सन्देशहरू लुकिएका छन्। तर हामी अवकाश प्राप्त हुनेबेलामा के गर्नुहुँदैन भनेर येशूले भन्नुभएको थियो भन्ने तर्क यसले देखाउँछ भनेर भन्न सकिन्छ। यदि कोही मानिस आफ्नो कामबाट अवकाश लिन्छ र काम छोड्छ किनभने उसको हातमा थुप्रो धनसम्पत्ति छ भने यस कथाले उसको हृदयमा कसरी ठोक्नुपर्छ भन्ने कुरामा सजग

हुनुपर्दछ। कडा परिश्रम गरेर धेरै धनी हुनु भनेको समस्या होइन, विशेष गरेर कतिपय मानिसहरू जति बुढो हुँदै जान्छ त्यति धनी पनि हुन जानसक्छन्। तर समस्या भनेको त्यसप्रति देखाउनु मनस्थिति के हो। त्यस धनी मानिसकै शब्दमा "**"ए प्राण, धेरै वर्षसम्म पुग्ने प्रशस्त सम्पत्ति तेरो निम्ति थुप्रिएको छ। सुख-चैनमा बस्। खा, पि, र मोज गर्"**।' व्यक्त गरिएको भावनाले उसको खास समस्या के रहेछ भनेर देखाउँछ।

"यो मानिसको जीवनको लक्ष्य वा बाँच्नुहो अर्थ नै मारिने पशुभन्दा पनि उच्च थिएन। परमेश्वरप्रतिको आस्थाबिना त्यो मानिस बाँचिरहेको थियो। उसको निम्ति स्वर्ग र अनन्त जीवनको कुनै फिक्री थिएन। आफ्नो सबै सम्पत्तिमा परमेश्वर र अरू मानिसहरूको केही मतलब छैन भन्ने मनस्थितिमा त्यो धनी मानिस बाँच्न चाहेको थियो। मेरो सम्पत्ति मेरै हो, परमेश्वर र अरूहरूलाई बाँड्नुपर्ने मेरो खाँचो छैन। यो नै भावना नै उसको ठूलो समस्या थियो।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. २५७,२५८बाट रूपान्तरित।

यदि हाम्रो जीवनको यस तहमा पुगेपछि वा अवकाश भएपछि हाम्रो निम्तिमात्र सुर्ता गर्ने र अरूहरूको आवश्यकताप्रति आँखा चिम्लिन्छौं र परमेश्वरको महिमा र इज्जत थाम्ने काममा हामी वेवास्ता गर्छौं भने हामी मूर्ख धनी मानिसको बाटोमा हिँडिरहेका हुनेछौं। त्यो धनी मानिस अल्छी र बेइमान थियो भनेर येशूले हामीलाई आभास् दिनुभएको छैन। समस्याचाहिँ परमेश्वरले उसको जिम्मामा थुपार्नुभएको सम्पत्तिलाई उसले गर्ने निर्णय गर्‍यो त्यसमा थियो। हामी कुन दिन मर्छौं त्यो हामीलाई थाहा छैन। त्यसकारण हामी जहिले पनि परमेश्वरको इच्छा अनुसार जिउनुपर्दछ तर हाम्रै स्वार्थपूर्तिको निम्तिमात्र होइन।

जब सम्म मानिस बाँचिरहन्छ र उसको क्षमता हुन्छ त्यो मानिस परिश्रम गरिनैरहनुपर्छ र उसको जीवन उपलब्धीमूलक हुनुपर्छ भन्ने चित्रण बाइबलले साधारणतया देखाएको छ। महान् भविष्यवाणीका लेखकहरू दानिएल र यूहन्नाले जब ती कितावहरू लेख्न सिध्याए तब तिनीहरू ८० वर्षको हाराहारीमा थिए भनेर धेरैले विश्वास गर्छन्। यो तथ्य रोचक छ। तिनीहरू रहेको युगमा मानिसहरूको सरदर आयु ५० वर्षको थियो। एलेन जी ह्वाइटले आफ्ना उल्लेखनीय र लोकप्रिय किताबहरू जस्तै *द डिजाएर अभ एजेज्* उनी ७० वर्ष नाघेपछि छापेका थिए। जबसम्म हामी स्वस्थ छौं तबसम्म हाम्रो

जीवनलाई अर्थमूलक बनाइराख्नुपर्छ र उपलब्धिमूलक र उपयोगी भइरहनुपर्दछ।

येशूको आगमनको निम्ति पर्खिरहनेहरू केवल उहाँको आगमनको अपेक्षामात्र होइन सक्रिय भएर काम गरि रहनुपर्छ वा साधुभएर नाङ्गो र अरूहरूको निम्ति काम नलाग्ने जीवन बिताउनु हुँदैन भनेर येशूले निर्देशन दिनुभएको छ (मत्ती २४:४४-४६)।

जुनसुकै आयुमा भएतापनि र जतिसुकै पैसा भएतापनि त्यस धनी मानिस परेको धरापमा जस्तै हामी नपर्न के गर्नुपर्छ ? तपाईँ आफूले आफैलाई सोध्नुहोस्, "म केको निम्ति बाँचिरहेको छ?"

## २. तपाईंले आफूसँग लान सक्नुहुन्छ

६० वर्ष पुगेका विश्वविख्यात सुसमाचार प्रचारक बिल्ली ग्राहमलाई जीवनको चकित पार्ने समय कहिले थियो भनेर एक फेरा सोधेको थियो। उनको जवाफ? "छोटो जीवन नै हो।"

यसमा कुनै विवाद छैन, मानिसको जीवनको अन्त छिटो हुनसक्छ त्यो जति उमेरसम्म बाँचिरहेतापनि।

**यस पृथ्वीमा मानिसको जीवन के हो भनेर देहायका पदहरूले के सिकाउँदछ? हेर्नुहोस्, "कोही धनी भयो र त्यसको घरको गौरव बढ्यो भने तिमीहरू नडराओ वा तिनीहरूको डाह नगर। *किनकि त्यो मर्दा त्यसले आफूसँग केही पनि लैजानेछैन, त्यसको गौरव त्यसको पछिपछि जानेछैन।* त्यो बाँचुञ्जेल आफूलाई त्यसले धन्यको ठान्यो– कारण मानिसहरूले कोही मानिसको उन्नति हुँदा त्यसको प्रशंसा गर्छन्– तापनि त्यो आफ्नो पिता-पुर्खाको पुस्तामा मिल्न जानेछ वा मर्नेछ जसले फेरि कहिल्यै जीवनको ज्योति देख्नेछैनन्। समझशक्ति नभएको धनी मानिस नष्ट हुने पशुतुल्य हो।" भजनसंग्रह ४९:१६-२०; "*सन्तुष्टिसहितको भक्ति नै ठूलो लाभ हो। किनकि हामीले न त यस संसारमा केही ल्यायौं न यहाँबाट केही लैजान नै सक्छौं। तर खान र लाउनसम्म छ भने हामी त्यसैमा सन्तुष्ट हुनेछौं।* तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गीतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका**

छन्।" १ तिमोथी ६:६-१०; "तपाईंले मानिसलाई त्यसका पापको निम्ति हप्काउनुहुन्छ र ताड़ना दिनुहुन्छ, कीराले खाएझैं त्यसको सम्पत्तिलाई सखाप पारिदिनुहुन्छ। प्रत्येक मानिस एक मुट्ठी सास मात्र हो।" भजनसंग्रह ३९:११; "“आज वा भोलि हामी फलानो सहरमा जाऔंला, त्यहाँ एक वर्ष बिताऔंला र व्यापार गरेर नाफा गरौंला” भन्नेहरू अब सुन, भोलि के हुने हो तिमीहरू जान्दैनौ। तिम्रो जिन्दगी के छ? तिमीहरू त तुवाँलो हौ, जो केही बेरको निम्ति देखा पर्छ, अनि हराइहाल्छ। यसको सट्टामा त तिमीहरूले यसो भन्नुपर्ने, “यदि परमेश्वरको इच्छा भयो भने हामी बाँचौंला र यस्तो-उस्तो गरौंला।” याकूब ४:१३-१५ र "सूर्यमुनि सबै कुरा, जसका निम्ति मैले परिश्रम गरेको छु, ती सबै मैले घृणा गरें, किनभने मैले ती मपछि आउनेको निम्ति छोड्नैपर्छ। अनि कसले जान्दछ, त्यो बुद्धिमान् हो कि मूर्ख? तापनि मैले सूर्यमुनि गरेका सबै कार्यहरू त्यसकै अधीनमा रहनेछन्, जसमा मैले मेरा सारा प्रयास र सीप लगाएको छु। यो पनि व्यर्थ हो। तब सूर्यमुनि गरेका मेरा सबै परिश्रम र मेहनतलाई सम्झेर म स्वयम् निराश भएँ। किनभने बुद्धि, ज्ञान र निपुणतासित कुनै मानिसले काम गरे तापनि त्यसले प्राप्त गरेका सबै अरू कसैको लागि छोड़िदिनैपर्छ, जसले त्यसको निम्ति काम गरेकै छैन। यो पनि व्यर्थ, र ठूलो दुर्भाग्य हो। सूर्यमुनि आफैले गरेका सबै मेहनत र चिन्तासहितको परिश्रमबाट मानिसले के पाउँछ र? "उपदेशक २:१८-२२।

यस जीवन तुँवालो जस्तो छिटो जानेमात्र होइन हामी मरेपछि केही भौतिक थोकहरू हामीसँग लान सक्दैनौं। (चरित्र नै? त्यो अर्को विषयबस्तु हो)। "जब मानिस मर्दछ तब उसले केही पनि आफूसँग लान सक्दैन" (भजन ४९:१७), त्यसको अर्थ जब ऊ मर्दछ उसको सबै सम्पत्ति अरूहरूले नै उपभोग गर्नेछन्। कसले पाउनेछन् त? त्यो त पूर्व योजनाको विषय हो।

कतिपय मानिसको जग्गाजमिन हुँदैन, तर प्रायजसो मानिसहरू धैरै वर्ष काम गरेपछि केही न केही सम्पत्ति थुपारेकै हुन्छ। तर आफू मरेपछि त्यसको हकवाला को हुनेछ भन्ने कुरो पहिलानै सोच्नु आवश्यक छ। आफ्नो जीवनको अन्तिम घडी भएको सम्पत्ति चाहे धैरै होस् वा थोरै होस् त्यसको संरक्षणको निम्ति पनि होशियारसाथ गर्नुपर्छ किनभने त्यसको स्रोत परमेश्वरनै हुनुहुन्छ। यदि तपाईं मरेपछि केही योजना बनाउनुभएन भने तपाईंको सम्पत्ति नजिकको हकवाला वा सरकारले लिन सक्छ। त्यो हकवाला तपाईंको सम्पत्तिको उपभोग गर्न योग्यको पनि हुन सक्दैन। तर चर्चले भने तपाईंको सम्पत्तिमा

केही हक हुँदैन। जेभएतापनि तपाईंको चल र अचल सम्पत्ति तपाईंको शेषपछि के गर्ने सो तपाईंले पहिला नै तय गर्नु बुद्धिमानी हुन्छ।

सरल तरिकाले भन्ने हो भने सबै थोक परमेश्वरको भएकोले (भजन २४:१) बाइबलको परिप्रेक्ष्यमा हामीलाई जतन गर्न दिएको सम्पत्तिको हामीले उपभोग गरेपछि र हाम्रा प्रियजनको आवश्यकता पूरा गरेपछि हाम्रो सम्पत्ति उहाँलाई नै फिर्ता गर्नु न्यायोचित हुन्छ।

हामीलाई थाहा छ मृत्यु जहिले पनि आउन सक्छ, त्यो पनि हामीले अपेक्षा नगरेको समयमा। आज तपाईं मर्नुभयो भने तपाईंको प्रियजनहरूको अवस्था कस्तो हुनेछ ? तपाईंको सम्पत्ति के हुनेछ ? के तपाईंले चाहेकै अनुसार त्यो वितरण हुन्छ त ?

## ३. व्यक्तिगत आवश्यकताबाट सुरु गरिनु

पौराणिक इस्राएलमा धेरैजसो इस्राएलीहरू किसानी र गोठालाहरू थिए। त्यसकारण, परमेश्वरले दिनुभएका आशिषका कतिपय प्रतिज्ञाहरू किसानी र गोठालाहरूको भाषामा लेखिएका थिए। उदाहरणमा हितोपदेश ३:९,१०मा परमेश्वरले प्रतिज्ञा गर्नुभएको छ कि यदि आर्थिक रूपमा हामी उहाँसँग इमान्दारी र विश्वाससाथ चल्यौं भने उहाँले हाम्रा भकारीहरूलाई प्रसस्त भरिदिनुहुनेछ। कतिपय इसाईहरूको खेतबारी हुँदैन। त्यसकारण यदि हामी उहाँको मार्गमा अनुसार चल्यौं र उहाँको आज्ञा पालन गर्‍यौं भने हामीले गर्ने ब्यापार वा आयआर्जन गर्ने काममा उहाँले आशिष दिनुहुनेछ।

**आजको येशूभक्तको जीवनमा हितोपदेश २७:२३-२७लाई कसरि व्याख्या गर्ने? "तिम्रो भेंडाहरूको राम्रोसँग हेरचाह गर" भनेको के हो हेर्नुहोस्, "तिम्रा भेड़ाहरूको अवस्था राम्ररी स्याहार गर, आफ्नो बगालप्रति सावधानीपूर्वक ध्यान देउ, किनभने धन-सम्पत्ति त सधैंभरि रहँदैन, र मुकुट पनि सबै पुस्ताका लागि सुरक्षित रहँदैन। जब पराल हटाइन्छ र नयाँ पालुवा देखा पर्छ, र डाँड़ा-पाखाहरूबाट घाँस बटुलिन्छ, तब भेड़ाहरूले तिमीलाई लुगा जुटाइदिन्छन्, र खेत किन्ने रकम बाख्राहरूबाट आउँछ। बाख्रीको दूध तिमीलाई र तिम्रो परिवारलाई खान चाहेजति पुग्नेछ, र तिम्रा सेवकहरूलाई पोषण हुनेछ।"**

धनीले गरिबमाथि दमन गरेको र शोषण गरेको विरुद्धमा बाइबलमा जतिसुकै आवाज उठाएतापनि, वा धनसम्पत्ति थुपार्न लोभ गरेतापनि मानिसहरूले आफ्नो परिश्रमद्वारा धनसम्पत्ति जोर्नुमा बाइबलले कहिल्यै पनि दोषी ठहर्‍याउनुभएको छैन। तर ती धनसम्पत्ति बेइमान तरिकाले वा

अरूहरूलाई दमन गरेर नकमआएको हुनुपर्दछ। अझ भन्ने हो भने माथिको पदले हामीलाई यो भन्दछ कि हाम्रो आर्थिक व्यवस्थापनमा लगनशील र प्रयत्नशील हुनुपर्दछ ताकि त्यसले हामीलाई र हाम्रो परिवारलाई पर्याप्तमात्रामा जुटियोस्। "बाख्रीको दूध तिमीलाई र तिम्रो परिवारलाई खान चाहेजति पुग्नेछ, र तिम्रा नोकर्नीहरूलाई पोषण हुनेछ।" हितोपदेश २७:२७।

आजको परिप्रेक्ष्यमा त्यस पदलाई कसरी अनुवाद गर्ने? यो हुनसक्छ, "तिम्रो आर्थिक लेखाजोखाको समिक्षा गर्नु र तिम्रो स्थिति कस्तो छ सो थाहा पाउन।" वा "तिम्रो आर्थिक कारोबार सबै ठिक गर्नु, कुनै पनि ऋणमा नपरि हिसाबकिताव चुक्ता गरिराख्नु।" तपाईं आर्थिक आर्जना गर्ने समय समयमा तपाईंको आर्थिक अवस्था मूल्याङ्कन गर्नु र तपाईंको चलअचल सम्पत्तिहरूको आवश्यक आधिकारिक कागजहरू आवश्यक भएमा ठिक पारिराख्नु उचित हुनेछ। आफ्नो इच्छापत्र र सम्पत्ति कसको हातमा जानुपर्छ सो पहिला नै योजना बनाएर ठिक पार्नु आवश्यक छ ताकि तपाईंको असमायीक निधन वा स्वास्थको कारणले निर्णय गर्न नसक्दा तयार हुन्छ।

संक्षेप्तमा भन्ने हो भने, परमेश्वरको आशिषले पाएका सम्पत्तिहरूको जतन अहिले बाँचिरहेको समयमामात्र होइन तपाईं यस संसारबाट बिदा भएपछि के हुन्छ त्यसको पनि ख्याल गर्नु जरुरत छ। त्यो भन्दा पहिले नै तपाईंको जीवनकालमै येशू आउनुभयो भने त्यसको तन्ता त लिनु नै पर्दैन। तर परमेश्वरको आशिषले हामीसँग भएको सम्पत्ति धेरै होस् वा थोरै होस् त्यसको भविष्यको निम्ति र परमेश्वरको कामको निम्ति जतन गरिराख्न येशूभावनाको नीति भएको मान्नुपर्दछ।

*"हामीसँग भएको धनसम्पत्ति सदाको निम्ति होइन" (हितोपदेश २७:२४ रूपान्तरित)। यो कथनलाई हाम्रो दिमागमा राखिराख्नु किन महत्त्वपूर्ण छ ?*

## ४. मर्नेबेलामा दान

**हामीसँग भएको पैसाको मामिलामा के नीतिहरू अपनाउनुपर्छ भनेर देहायका पदहरूले कसरि खुलाउँछन्? हेर्नुहोस्, "यस संसारका धनीहरूलाई घमण्डी नहुने आज्ञा देऊ, र अनिश्चित सम्पत्तिमा होइन तर हामीलाई हरेक थोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने परमेश्वरमाथि तिनीहरूले आशा राखून्। तिनीहरूले असल कार्य गरून्, र असल कामहरूमा धनी, उदार-चित्त र दानी होऊन्। यसरी आफ्नै**

लागि भविष्यको असल जग बसाल्न सकून्, ताकि तिनीहरूले त्यो जीवन पक्रिराखून् जो साँच्ची नै जीवन हो।" १ तिमोथी ६:१७-१९; "हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।" २ कोरिन्थी ४:१८; "म तपाईंसँग दुई वटा कुरा माग्दछु, हे परमप्रभु। म मर्न अघि ती मबाट इन्कार नगर्नुहोस्। असत्यता र झूटा कुरा मबाट टाढ़ै राख्नुहोस्, न त मलाई दरिद्रता न धन-सम्पत्ति दिनुहोस्, तर मलाई केवल दिन-दिनको रोटी दिनुहोस्। अन्यथा मसँग धेरै भएकोले म तपाईंलाई इन्कार गरुँला, र 'परमप्रभु को हो र?' भनुँला, अथवा म गरीब भएकोले चोरी गरुँला, र परमप्रभु मेरा परमेश्वरको नाउँ अपमानित पारुँला।" हितोपदेश ३०:७-१० र "जसले रुपियाँपैसाको माया गर्छ, त्यसलाई रुपियाँपैसाले कहिल्यै पुग्दैन। जसले धन-सम्पत्तिको माया गर्छ, त्यो आफ्नो आमदानीसँग कहिल्यै सन्तुष्ट हुँदैन। यो पनि व्यर्थ हो।" उपदेशक ५:१०।

पैसाले मानिसलाई शक्तिसम्पन्न गराउँछ। तर त्यही पैसाले धेरै मानिसहरूलाई धरासयी बनाएकोछ। पैसा भएतापनि वा पैसाको लोभमा परेर भयानक कामहरू गर्ने मानिसहरूको कथा हामीमध्ये कसलाई थाहा छैन होला? धेरै होस्, थोरै होस् हाम्रो जीवन त्यस्तो विकृतिमा पार्नु आवश्यक छैन। परमेश्वरको आशिषले दिनुभएको पैसा वा धनसम्पत्तिलाई दुरुपयोग गर्न सैतानले उक्साउँदा परमेश्वरको शक्तिले अभिशाप होइन आशिषमा परिणत गर्न प्रार्थना गरौं।

परमेश्वरको असल सञ्चयकर्ताको हैशियतले मर्ने बेलासम्म धेरै धनसम्पत्ति जोर्न थोपार्ने प्रलोभन गर्नु खतरामूलक छ भन्ने कुरा हामीले सोच्नुपर्दछ। कतिले भन्छ होला, "म मर्नेबेलामा मेरा सबै सम्पत्ति बाँडिदिनेछु।" कतिपय खरबपतिहरू तिनीहरू बाँचेकै बेलामा तिनीहरूको धन उचितरूपमा प्रयोग नगर्दा तिनीहरूको सम्पत्तिको विजोग भएको देखिएको छ। हाम्रो अवस्था त्यस्तो हुनु आवश्यक छैन।

"परमेश्वरको कामको निम्ति धेरैले आफ्नो सम्पत्ति उपयोग नगरेको मैले दर्शनमा देखेको छु। आफूहरू मरेपछि ती सम्पत्ति दान गर्छु भनेर कतिले भनेर आफ्नो विवेकलाई चुपचाप पनि राख्दछन्। तिनीहरू बाँचिरहेकै बेलामा विश्वासलाई प्रयोग गरेर परमेश्वरमाथि भरोसा राख्दै आफ्नो आशिष अरूहरूलाई मुश्किलले तिनीहरूले बाँड्दछन्। तर मर्नेबेलामा दिने दान गर्ने नीति येशूले आफ्ना अनुयायीहरूबाट उहाँले अपेक्षा गर्नुभएको छैन। बाँचीरहेकै

बेलामा स्वार्थी हुने तर मर्नेबेलामा निस्वार्थी हुने संस्कार येशूभक्तिको निम्ति मान्य हुनसक्दैन। दिनदिनै हामीहरूले केही न केही गुमाइरहेका हुन्छौं। बैंकहरू पनि धरासयी भइरहेको हामीलाई थाहा छ र विभिन्न माध्यमहरूद्वारा अचल सम्पत्ति नाश भइरहेको पनि हामीले देखिरहेकाछौं। कतिपयले पछि गरुँला भनेर दिमागमा राखिराख्छन्। तर परमेश्वरको ढुकटीमा हामीले धन जम्मा नगरोस् भनेर सैतानले हरदम प्रयास गरिरहेको छ। परमेश्वरलाई फिर्ता गर्नुभन्दा अघि नै कतिपल्ट नाश भएको हामीले देखेकाछौं। यसले सैतानको नाक फुल्दछ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, १५४बाट रूपान्तरित।

***परमेश्वरले हामीलाई उपलब्ध गराउनुभएको सम्पत्तिहरूलाई कसरी व्यवस्थापन गर्ने त्यसमा हामी होशियारी हुनु आवश्यक छ।***

## ५. आत्मिक सम्पत्ति

पाप नगरेको संसारमा मानिसको जीवन कस्तो हुनेरहेछ सो सोच्नु कठिन त छ, तर एउटा कुरो निश्चित छः त्यहाँ लोभलालच, आफ्नोलागिमात्र धनसम्पत्ति थुपार्ने प्रवृत्ति, गरिब र विपन्न वर्ग र अहिलेका विश्वलाई महामारीको रूपमा फैलिरहेको अनेकौं किसिमा शोषणहरू त्यस संसारमा हुँदैन। हामीले जतिसुकै परिश्रम र इमान्दार गरेर थुपारेको सम्पत्ति मेरो भन्ने दावी गर्ने प्रवृत्ति यस पतित संसारको उपज हो। अन्तमा आएर हामीमा जति भएतापनि वा हामीले जे गरेपनि एउटा महत्त्वपूर्ण विषयलाई हामीले सम्झिराख्नु जरुरी छ।

**त्यस सन्दर्भमा देहायका पदहरू पढ्नुहोस्। ती सबै पदहरूको मूल वियवस्तु के हो, र परमेश्वरले हामीलाई भौतिक थोकहरूको आशिषलाई के गर्ने भनेर त्यस विषयबस्तुले हामीलाई कसरी औंल्याउँछ? हेर्नुहोस्, "पृथ्वी र त्यसमा भएका जो-जति छन् सबै परमप्रभुका हुन्, संसार र त्यसमा वास गर्नेहरू सबै उहाँकै हुन्।"**

**भजनसंग्रह २४:१; "हरेक घर कुनै न कुनै मानिसबाट बनाइएको हुन्छ, तर सब थोक बनाउने त परमेश्वर नै हुनुहुन्छ।" हिब्रू ३:४-५; "जङ्गलको हरेक बस्तु र हजारौं डाँडाहरूका गाईबस्तु मेरै हुन्। पर्वतहरूको प्रत्येक पक्षीलाई म चिन्छु, र भूमिका सबै प्राणीहरू मेरै हुन्।" भजनसंग्रह ५०:१०-११; "उनले अब्रामलाई यसो भनेर आशीर्वाद दिए, "स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने सर्वोच्च परमेश्वरबाट अब्रामलाई आशिष् मिलोस्" उत्पत्ति १४:१९**

**र "उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ, किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्। उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। उहाँ शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै सुरु हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्। किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो, र परमेश्वरले उहाँका क्रूसको रगतद्वारा शान्ति गराएर पृथ्वीको होस् वा स्वर्गको होस्, उहाँद्वारा नै सबै थोकलाई आफूसँग मिलापमा ल्याउनुभयो।" कलस्सी १:१५-२०।**

परमेश्वरले हाम्रो मातहतमा सुम्पिनुभएको सबै थोकको सञ्चयकर्ता र व्यवस्थापक हामी हौं। हामीसँग जे छ त्यो आखिरमा सबै थोक परमेश्वरको हो। उहाँले हामीलाई जीवन दिनुहुन्छ। हाम्रो अस्तित्व र बलको श्रेय उहाँ नै हुनुहुन्छ। परमेश्वरले हाम्रो जिम्मामा छोड्नुभएको थोकहरूलाई अपचलन गराएपछि र हाम्रा परिवारलाई व्यवस्थापन गरेपछि हामीसँग जे छ त्यो उहाँलाई नै फर्काउनु अत्यन्तै उचित र तर्कसम्मत भएको मान्नुपर्दछ।

"परमेश्वरको काममा तपाईं खटिनुहुँदा तपाईंले आफ्नो निम्ति स्वर्गमा धन थुपारी राखिरहनुभएको हुन्छ। जे जे तपाईंले माथि थुपार्नुहुन्छ ती दैविकप्रकोप र कुने पनि हानीबाट सुरक्षित हुन्छ। तपाईंको समर्पित निरन्तर कामले अनन्तको ढुकुटीमा थप्दैजान्छ र त्यो कहिल्यै नाश नहुने सम्पत्ति हुन्छ। तपाईंले यहाँ के गर्नुहुन्छ सो परमेश्वरको राज्यमा भएको तपाईंको लेखाजोखाको पुस्तकमा लेखिएको हुन्छ।"-एलेन जी ह्वाइट, *काउन्सिल अन स्टुवार्डशिप,* पृ. ३४२बाट रूपान्तरित।

हामी बाँचिरहेकै बेलामा हाम्रो आशिषलाई बितरण गर्नु वा दान गर्नु धेरै फाइदाहरू छन्। यहाँ केही उल्लेख गरिएका छन्:

१. दान दिने मानिसले आफ्नो उपहारको नतिजा अहिले नै देखिरहेको हुन्छ- चर्चको नयाँ भवन, युवा वा युवती कलेज वा अध्ययनमा लागेको, सुसमाचारको निम्ति रकम जुटाएको, सामग्री छाप्न सहयोग गरेको आदि।

२. अत्यन्तै आवश्यक भएको सुसमाचारीय काम वा व्यक्तिलाई तपाईंको सहयोग राहतको रूपमा उपलब्ध भएको हुन्छ।
३. तपाईंको मृत्युपछि तपाईका परिवारहरू वा साथीभाइहरूको बीचमा झगडा नहुने अहिले नै थाहा पाउनुहुनेछ।
४. जब तपाईंले उदार भएर कसैलाई दिनुहुन्छ भने त्यसले परिवारमा उदार हुने र माया गर्ने मूल्यमान्यता बसालिन्छ।
५. करबाट दुःख दिनेबाट तपाईं जोगिनु हुन्छ।
६. तपाईंले चाहनु भएको निकयलाई तपाईंको दान वा उपहार पुग्छ भनेर तपाईं ढुक्क हुनुहुनेछ।
७. दान दिनेको हृदय स्वार्थिपनाबाट निस्वार्थी भएको प्रमाणित गर्दछ।
८. यो स्वर्गको ढुकुटीमा जम्मा हुन्छ।

***उपसंहारः***

*थप जानकारीः हामीसँग रहेको सम्पत्तिलाई कसरी बितरण गर्ने भन्ने विषयमा एलेन जी ह्वाइटले देहायका पुस्तकहरूमा लेखेका छन्ः टेस्टिमोनिज फर द चर्च, ठेली ३को पृ. ११६-१३० को "टु (वृद्ध) र वेल्थी पारेन्टस," र टेस्टिमोनिज फर द चर्च, ठेली ४को पृ. ४७६-४८५ को "विलस् एण्ड लेगासीज्।"*

*काउन्सिलस अन स्टुवार्डशिपको पृ. ३२३-३३५ मा आफूसँग भएको सम्पत्तिलाई कसरी व्यवस्थापन गर्ने भनेर पनि लेखिएको छ। एलेन जी ह्वाइटले यो पनि लेख्नु भएको थियोः "कतिपय मानिसहरू मर्न लागेकै बेलामा आफ्नो सम्पत्तिको निर्णय गर्न प्रयास गर्छन् तर सच्चा येशूभक्तहरूले तिनीहरू जीवित र बलियो भएको बेलामा आफ्नो सम्पत्तिको व्यवस्थापन गर्छन् । तिनीहरूले आफूहरूलाई आफ्ना जीवनहरू र सम्पत्ति परमेश्वरलाई सुम्पिन्छन्। उहाँको सञ्चयकर्ता भएर काम गर्दा आफूले गरेको कर्तव्यप्रति तिनीहरू संतुष्ट हुन्छन्। सम्पत्तिको व्यवस्थापक भएर परमेश्वरले दिनुभएको जिम्मेवारी तिनीहरू आफैले पूरा गर्छन् । तिनीहरूले आफ्नो जिम्मेवारी अरूहरूलाई पन्छाउँदैनन् ।"- टेस्टिमोनिज फर द चर्च, ठेली ३को पृ. ४८० बाट रूपान्तरित।*

*"आफ्नो व्यवस्थापक आफैले गर्नु" भनेको के हो? इच्छापत्रमा प्रायजसो आफ्नो सम्पत्ति कसरी उपयोग गर्ने भनेर लेखिएको हुन्छ।*

*तपाईँको व्यवस्थापक तपाईँ नै हुनुभएर तपाईँ जिउँदै भएको बेलामा तपाईँको सम्पत्तिहरू बितरण गरिएको हुन्छ । यसो गर्दा त्यसका नतिजाहरूबाट तपाईँ संतुष्ट हुनुहुनेछ र तपाईँलाई परमेश्वरले दिनुभएको सम्पत्तिको जिम्मेवारीलाई उहाँकै इच्छा अनुसार अपचलन गरिएको ठहर्छ।*

*येशूभक्तको निम्ति येशूको दोस्रो आगमन धन्यको आशा हो । येशू आकाशबाट कसरी आउनुहुनेछ भन्ने हामी सबैले कल्पना गरेकाछौँ । "तिमीहरूले राम्रै गऱ्यौ" भन्ने उहाँको मुहारबाट सुनेको हामी सबै चाहन्छौँ तर असल काम गर्नुभन्दा अघि नै हामी मऱ्यो भने के गर्ने ? यदि हामीलाई प्रकट गरिएको परमेश्वरको चाहना अनुसार हामी चल्यौँ भने हाम्रो प्रयासले उहाँको कामले प्रगति गरेको छ भन्ने कुरो थाहा पाएर हामी संतुष्ट हुन्छौँ। अहिले नै हामी जीवितै अवस्थामा गरिएको भविष्यको व्यवस्थापनले परमेश्वरको कामले निरन्तरता पाउनेछ भनेर थाहा पाउँदा हामी खुशी हुनेछौँ*

**चिन्तनमननः**

अ. तपाईंले स्वर्गको ढुकुटीमा धन थुपार्ने भन्ने कुरालाई सोच्नुपर्दा तपाईंले तपाईंको मुक्तिको निम्ति पैसा तिर्न खोजेको होइन भन्ने कुरामा तपाईं कसरी यकिन हुने?

आ. हामीसँग भएको पैसा उदारभएर अरूहरूलाई दिने क्रममा हामी कस्तो बुद्धमानी र सावधान अपनाउनुपर्दछ?

इ. कतिपय समयमा यो यो समयमा यो हुनेछ वा संसारको नाश हुनेछ भनेर दिन तोक्नेहरूले तपाईंको पैसा थुत्न खोज्छन्। यस्ता किसिमको छलबाट जोगेर परमेश्वरले तपाईंलाई दिनुभएको पैसालाई उहाँको काममा कसरी उपयोग गर्ने?

## कथा १०

## तिनीहरू जहाँ छ त्यहीँ भेट्न जानु



अवकाश प्राप्त पास्टर सिमो भेहकाभौरी एक दिन फिनालान्डको एउटा ठूलो र रमणीय तालको किनारमा हावा खाइरहेका थिए। त्यहाँ सानो तिनो तालहरू पनि थिए। ती तालहरूको किनारमा धेरै मानिसहरू घाम तापीरहेका थिए। हिँड्दा हिँड्दा उनी सानो तालतिर गए। उनको भित्री आवाजले "अलि परमेश्वर जाउ," भनेर अऱ्हाए। त्यहाँ चार जना युवायुवतीहरू जमिनमा लडिरहेका थिए। तिनीहरूको नजिक गएर सिमोले सोधे, "भाइ बहिनीहरू हो, तिमीहरूले सय वर्ष अघि फिनलान्डमा भएको गृहयुद्धको बारेमा सुन्न चाहन्छौ?' "हुन्छ, हुन्छ, भन्नु होस्!" भनेर तिनीहरूले अनुरोध गरे। जब उनले त्यो कथा सुनाएपछि उनले सोधे, "माफ गर्नुहोस्, परमेश्वरको बारेमा तपाईंहरूले के भन्नुहुन्छ भनेर मैले सोध्दा माइन्ड गर्नुहुन्छ कि?" "हामी त परमेश्वरलाई विश्वास गर्छौं?' तिनीहरूले भने। "मैले येशूलाई कसरी विश्वास गरें, त्यो सुन्न चाहनुहुन्छ कि?" उनले सोधे। कथा सुनाइ सकेपछि उनले भने की अनलाईनमा बाइबल पढ्ने ठेगानाभएको कार्डहरू आफूसँग भएको उनले बताए। आफूसँग ठ्याक्कै चारवटा कार्ड भएको सिमोले बताए। "ओहो, परमेश्वरलाई थाहा छ कि हामी चार जनामात्रै छौं। त्यसकारण तपाईंसँग त्यतिमाब कार्ड थियो," एक जना युवतीले भनिन्।

अर्को तालमा सिमो घाम तापीहरेकी एक जना युवतीकहाँ गएर सोधे, "फिनलान्डको गृहयुद्धको बारेमा कथा सुन्न चाहनुहुन्छ?' त्यसपछि उनले उनलाई परमेश्वरप्रतिको आस्थाको बारेमा सोधे। अनि आफू कसरी येशूभक्त भए भनेर सुनाए। उनले चासो देखाएकोले उनलाई भने, "मसँग स्टेप्स टु क्राइस्ट छ। तपाईं बीस मिनेट पर्खिनुहोस्, म ल्याइ दिन्छु। उनले हुन्छ भनिन्। सिमो पुस्तक र बाइबल अध्ययन गर्ने कार्ड ल्याएर उनलाई दिए। "जब तपाईं मलाई छोडेर जानुभयो तब मैले तपाईं कति मिनेटमा आउनुहुन्छ भनेर घडी हेरिरहेको थिएँ। तपाईं १५ मिनेटमै आइपुग्नुभयो," उनले भनिन्। सिमोको उपहारलाई उनले खुशीसाथ लिएकी थिइन्।

अर्को पल्ट सिमो एक विवाहित दम्पत्तिकहाँ गए। त्यहाँ तिनीहरूको किशोर छोरा तिनीहरूसँग थियो। "फिनलान्डको गृहयुद्धको कथा तपाईंहरूले

सुन्न चाहनुहुन्छ?" उनले सोधे। पछि परमेश्वरको बारेमा तिनीहरूले के सोचेको छ भनेर उनले सोधे। आफ्नो घरमा ठूलो समस्या भएको तिनीहरूले बताए। तिनीहरूको छोरोले लागु पदार्थ प्रयोग गरिरहेको थियो। "हामी मिलेर प्रार्थना गरौं," भनेर सिमोल भने। महिला रुन थालिन्। प्रार्थनापछ सिमोले भने, "म तपाईंहरूलाई एउटा किताब दिन चाहन्छु। तर त्यो मेरो घरमा छ, "उनले भने। "हामी कारमा जान सक्छौं," पुरुषले भने। आभारित भएको दम्पतीलाई *स्टेप्स टु क्राइस्ट* र बाइबल अध्ययन कार्ड उनले दिए।

धर्मनिरपेक्ष फिनलान्डमा उनको काममा परमेश्वरले आशिष दिइरहनुभएको सिमोले विश्वास गर्छन्। उनी कसरी येशूभक्त भए भन्ने गवाही सुन्न कसैले इन्कार गरेको छैन। उनको सुसमाचार सुनाउने लक्ष्यलाई पावलको उदाहरणले प्रेरणा दिएको छ भनेर बताए।"म विश्वास गर्दछु कि मानिसहरू जहाँ छ त्यहीँ जानुपर्छ, तिनीहरू हामीकहाँ आउला भनेर पर्खिनुहुन्न।

- आन्ड्र्यु मेकचेसनी